# प्रेस विज्ञप्ति

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूसँग आज मिति २०७७ साउन ११ गते उहाँकै कार्यकक्षमा नेपालका लागि संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत Randy Berry ले शिष्टाचार भेट गर्नुभयो । भेटका अवसरमा कोभिड-१९संक्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि भएका प्रयासहरूका साथै द्विपक्षीय हित र सरोकारका विभिन्न विषयमा छलफल भयो।

शिष्टाचार भेटको शुरुमा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले महामारीको रूपमा फैलिइरहेको कोभिड-१९ संक्रामक रोगलाई नियन्त्रण गर्न नेपाल सरकारको तर्फबाट भइरहेका कार्यहरूबारे प्रकाश पार्नुहुँदै कोभिड-१९ संक्रमण विरुद्ध लड्न संयुक्त राज्य अमेरिका लगायतका मित्रराष्ट्रहरूबाट प्राप्त सहयोगको लागि आभार व्यक्त गर्नुभयो। वहाँले कोभिड-१९ संक्रमणको नियन्त्रणसँगसँगै आर्थिक तथा सामाजिक गतिविधिहरूलाई क्रमशः सुचारु गर्दै जानुपर्ने चुनौतीका बीच नेपाल सरकारले उच्च सतर्कता अपनाएर कार्य गरिरहेको बताउनुभयो। उहाँले संक्रमणलाई जथाभावी फैलन नदिन सीमा नाकामा निगरानी बढाइएको, विदेशबाट नेपाल आउनेहरूलाई Quarantine वा Isolation Centre मा बस्नुपर्ने व्यवस्था मिलाइएको, मास्क लगाएर तथा सामाजिक दूरी कायम गरेर मात्र सार्वजनिक कार्यालयमा काम काज गर्ने व्यवस्था मिलाइएको र PCR परीक्षणको दायरा विस्तार गर्दै लगिएको कुरा बताउनुभयो। कोभिड-१९ संक्रमणको संख्यालाई बढ्न नदिन तीनै तहका सरकारले आपसमा समन्वय गरी कार्य गरिरहेको कुरा उहाँले राख्नुभयो।

माननीय उपप्रधानमन्त्रीज्यूले संयुक्त राज्य अमेरिकामा कोभिड-१९ संक्रमणका कारण भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै यसको बाबजुद अमेरिकाले नेपाललाई कोभिड-१९ नियन्त्रणका लागि उपलब्ध गराएको सहायताको नेपाल सह्राहना गर्दछ भन्नुभयो। वार्ताको क्रममा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूले संयुक्त राज्य अमेरिका र नेपाल दुवै लामो समयदेखि असल मित्रको रूपमा रहेको उल्लेख गर्नुहुँदै नेपालको आर्थिक सामाजिक विकासमा अमेरिका सरकारले पुऱ्याएको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो।

संयुक्त राज्य अमेरिकाका महामहिम राजदूतले नेपालले कोभिड-१९ रोगको नियन्त्रणका लागि गरेका प्रयासहरूको सह्राहना गर्दै संक्रमणलाई नियन्त्रण बाहिर जान नदिन सामाजिक दूरी कायम गर्ने लगायतका उपायहरूलाई प्राथमिकतासाथ अवलम्बन गर्न उपयोगी हुने कुरा बताउनुभयो। कोभिड-१९ संक्रमणको नियन्त्रणका लागि दुवै मुलुकहरूले मिलेर कार्य गर्न आवश्यक रहेको कुरा बताउनुहुँदै उहाँले कठिन परिस्थितिका बाबजुद नेपाललाई सहयोग गर्न अमेरिका सदैव तत्पर रहेको कुरा बताउनुभयो। महामहिम राजदूतले संयुक्त राज्य अमेरिकाले नेपाललाई विगत ७० वर्षदेखि आर्थिक सामाजिक हित हुने गरी विभिन्न क्षेत्रमा सहयोग उपलब्ध गराउँदै आएको र यस्तो सहयोगलाई आगामी दिनमा पनि निरन्तर जारी राखिने विचार व्यक्त गर्नुभयो।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरू तथा काठमाण्डौस्थित अमेरिकी राजदूतावासका अधिकारीहरूको समेत उपस्थिति थियो ।

(सन्तबहादुर सुनार)
सह-सचिव एवं प्रवक्ता

रक्षा मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं
११ साउन, २०७७